# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ )जनकपुरधाम,नेपाल,भाद्र६गते,२०७९साल (अतिरिक्ताङ्क९(क)


भाग १

## मधेश प्रदेश सरकार

## कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय

## प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् स्थापना र सञ्चालन गर्न बनेको ऐन

## सम्वत् २०७९ सालको ऐन नं. ५

<u>प्रस्तावना:</u> प्रदेशमा योजनावद्ध प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी प्राविधिक जनशक्ति उत्पादन तथा प्राविधिक सीपको स्तर निर्धारण एवं प्रमाणीकरणको लागि प्राविधिक शिक्षा तथा

व्यावसायिक तालिम परिषद्को स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको वा तेकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले दफा ३ बमोजिमको प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(घ) "प्रमुख कार्यकारी निर्देशक" भन्नाले दफा ७ बमोजिम नियुक्ति भएको प्रमुख कार्यकारी निर्देशकलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२
## प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गठन

३. **परिषद्को स्थापनाः** (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लगायतका कार्य सञ्चालन गर्न प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन गरिनेछ ।

(२) प्राविधिक शिक्षा परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) मन्त्री, शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) सदस्य (शिक्षा सम्बन्धी विषय हेर्ने), प्रदेश नीति आयोग - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) प्रदेश सचिवहरु - सदस्य

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विज्ञ तथा त्यस्तो शिक्षा तथा तालिम प्रदान गर्ने प्रचलित कानून बमोजिम स्थापना भएको संस्थामध्येबाट अध्यक्षबाट मनोनित कम्तीमा एक महिला सहित तीनजना - सदस्य

(च) औद्योगिक क्षेत्रका रोजगारदाता मध्येबाट मन्त्रालयले मनोनित गरेको एक जना- सदस्य

(छ) प्रमुख कार्यकारी निर्देशक - सदस्य सचिव

(३) खण्ड (ङ) र (च) बमोजिम नियुक्ति एवं मनोनित हुने सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिमको परिषद्को बैठकमा आवश्यकता अनुसार बढीमा तीन जना सम्मलाई आमन्त्रण गर्न सकिनेछ ।

४. <u>परिषद्को बैठक र निर्णयः</u> (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) परिषद्को निर्णय अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित गरिनेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) सदस्यले परिषद्को बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

५. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरुको क्षेत्र र स्तर निर्धारण गर्ने,

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि शिक्षण संस्था, प्रशिक्षण केन्द्र र अनुसन्धानशाला सञ्चालन गर्ने, गराउने,

(घ) बहुप्राविधिक महाविद्यालय स्थापना गर्न सम्पूर्ण प्रक्रिया पूरा गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) सामुदायिक, निजी, सहकारी र गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम सञ्चालन गर्न स्वीकृति दिने,

(छ) प्रदेश सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैर सरकारी संगठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यावसायिक तालिमको अवधि, शिक्षण विधि, पाठ्यक्रम,

पाठ्यपुस्तक र सीप परीक्षण निर्धारण गरी लागू गर्ने, गराउने,

(ज) विभिन्न तालिम सञ्चालन र समन्वय गर्ने, गराउने,

(झ) प्रदेश स्तरमा प्राविधिक प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने, गराउने,

(ञ) प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालिम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरु, पाठ्य विषय(ट्रेनिङ्ग प्याकेज) तथा प्रशिक्षक सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ट) प्राविधिक शिक्षाका लागि शैक्षिक संस्थाहरुले पच्चीस प्रतिशत पूर्ण रुपले निःशुल्क तथा पच्चीस प्रतिशत सरकारले तोकेको शुल्कमा पढाउने व्यवस्था मिलाउने,

(ठ) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने, गराउने,

(ड) सीप विकास तालिमका लागि पाठ्यक्रम, शिक्षण विधि, गुण तथा सीपको स्तर निर्धारण गर्ने,

(ढ) सरकारी तथा गैरसरकारी निकायहरुले सञ्चालन गरेका तालिमको मूल्यांकन गरी स्तर निर्धारण, प्रमाणीकरण तथा मान्यता प्रदान गर्ने,

(ण) आधारभूत, तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने, गराउने,

(त) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त सहयोगको व्यवस्थित रुपले परिचालन गर्ने, गराउने,

(थ) प्रदेश सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि आवश्यक परामर्श दिने,

(द) नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग प्राविधिक शिक्षा तथा सीप विकास तालिमको सम्झौता वा करार गर्ने,

(ध) फरक क्षमता भएका व्यक्तिको निमित्त सोही अनुसारको कार्यक्रम तर्जुमा गर्ने,

(न) अनुगमन र नियमन सम्बन्धी कार्य गर्ने, गराउने,

(प) प्राचिन सीपकलाको संरक्षण, सम्बर्द्धन र विकास गर्ने,

(फ) हरेक तालिम कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च तोकिए बमोजिम गर्ने,

(ब) विद्यार्थीहरुको लागि रोजगारका अवसर बारे सर्वेक्षण गर्ने र सिकाई तथा काम सम्बन्धी परामर्शको काम शिक्षण संस्था मार्फत गराउन मद्दत गर्ने,

(भ) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि अन्य कार्य गर्ने, गराउने,

(म) वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत गर्ने,

(य) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्ने ।

६. <u>परिषद् संगठित संस्था हुने</u>: (१) दफा ३ बमोजिम गठित परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त र संगठित संस्था हुनेछ ।

(२) परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वा बेच बिखन गर्न सक्नेछ तर अचल सम्पतीको हकमा प्रदेश सरकारको सहमती लिनु पर्नेछ।

(४) परिषद्ले व्यक्ति सरह नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट उजुर लाग्न सक्नेछ।

(५) परिषद्को मुख्य कार्यालय प्रदेश राजधानीमा रहनेछ।

७. <u>प्रमुख कार्यकारी निर्देशकको नियुक्ति र योग्यता सम्बन्धी व्यवस्थाः</u> (१) देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अध्यक्षको सिफारिसमा प्रदेश सरकारले प्रमुख कार्यकारी निर्देशकको नियुक्त गर्नेछ :-

(क) मधेश प्रदेशभित्र स्थायी बसोवास गर्ने नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नात्तकोत्तर वा सो सरह उपाधि हासिल गरेको,

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरेको,

(घ) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ङ) उच्च नैतिक चरित्र कायम भएको,

(च) कुनै कानूनले अयोग्य नठहरिएको।

(२) प्रमुख कार्यकारी निर्देशकको पारिश्रमिक अधिकृतस्तर एघारौं तहको हुनेछ भने अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

८. <u>प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u> प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति निर्धारण गर्न परिषद्लाई सहयोग गर्ने,

(ग) परिषद्को निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने ।

९. पद रिक्त हुने:- देहायको अवस्थामा प्रमुख कार्यकारी निर्देशक र मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) प्रदेश सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(ङ) निजको मृत्यु भएमा ।

१०. समिति, उपसमिति गठन: परिषद्ले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार विभिन्न समिति वा उप-समिति गठन गर्न सक्नेछ ।

११. आर्थिक श्रोत: परिषद्ले प्रदेश सरकारको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै स्वीकृत प्रक्रियाको अधीनमा रही आर्थिक श्रोतको व्यवस्था गर्न सक्नेछ ।

१२. कर्मचारी सम्बन्धी व्यवस्था: (१) परिषद्मा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी रहनेछन् ।

(२) कर्मचारी नियुक्ति, परिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(३) प्रदेश सरकारको स्वीकृति लिई परिषद्ले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम कर्मचारी नियुक्त नभएसम्मका लागि परिषद्लाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

## परिच्छेद-३

## अनुमति, दर्ता तथा नविकरण

१३. **अनुमतिः** (१) सरकारी, गैर सरकारी तथा निजी संस्थाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनका लागि परिषद्को अनुमति लिनु पर्नेछ । अनुमति लिदाँ लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

(२) अनुमति बिना सरकारी, गैर सरकारी तथा निजी संस्थाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम अनुमति लिन चाहने संस्थासँग सम्बन्धित विषयको व्यावसायिक तालिम दिन सक्ने भौतिक संरचना, प्रयोगशाला, विषय विज्ञको सूची तथा मान्यता प्राप्त पाठ्यक्रमको प्रतिलिपि दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको अनुमति दिन परिषद्ले विज्ञ समूह गठन गर्नेछ । सो विज्ञ समूहले अनुमति लिन चाहने संस्थाको भ्रमण गरी दिएको मूल्यांकन प्रतिवेदनको आधारमा अनुमति दिइनेछ ।

(५) उपदफा (१) बमोजिम अनुमति प्राप्त संस्थाले प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्दा कम्तीमा पच्चीस प्रतिशत छात्रवृत्ति क्लष्टर बमोजिम गरिब,

सीमान्तकृत, दलित, महिला, मुस्लिम, थारु, मधेशी र आदिवासी जनजाती समुदायका विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ ।

१४. **दर्ता:** (१) दफा १३ बमोजिम अनुमति प्राप्त, गैर सरकारी तथा निजी संस्थाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनका लागि परिषद्मा दर्ता गराउनु पर्नेछ ।

(२) परिषद्मा दर्ता नगरि कुनै पनि सरकारी, गैर सरकारी तथा निजी संस्थाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्न पाउने छैन ।

१५. **नाम दर्ताको लागि दरखास्त दिनु पर्ने:** (१) परिषद्को लगतमा नाम दर्ता गराउन चाहने सरकारी, गैर सरकारी तथा निजी संस्थाले देहायका कुराहरु खुलाई परिषद्मा नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ :-

(क) संस्थानको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने कार्यक्रम तथा तालिमको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिँदा अनुमति प्राप्त संस्थाले आफ्नो विधानको एकप्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गर्नु पर्नेछ ।

१६. **प्राविधिक तथा व्यावसायिक तालिम सम्बन्धी संस्थाले नाम दर्ता गर्न सक्ने:** (१) दफा १५ बमोजिम नाम दर्ता गराउनको लागि अनुमति प्राप्त संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पैंतीस दिन भित्र परिषद्ले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना परिषद्ले त्यस्तो अनुमति प्राप्त संस्थालाई दिनु पर्नेछ ।

(३) एक पटक दर्ता भईसकेको संस्थाको नामसँग मिल्दो जुल्दो हुनेगरी अर्को संस्था दर्ता गरिने छैन ।

१७. **हेरफेरको सूचना गर्नु पर्नेः** (१) यो ऐन बमोजिम परिषद्को लगतमा नाम दर्ता भएको अनुमति प्राप्त संस्थाले दफा १५ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिनभित्र परिषद्लाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिब देखेमा परिषद्ले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अध्यावधिक बनाई राख्नु पर्नेछ ।

१८. **अनुमति प्राप्त संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्नेः** (१) अनुमति प्राप्त संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता परिषद्ले तोके बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिलेसुकै पनि गराउन सक्नेछ ।

(३) परिषद्ले उपदफा (२) बमोजिम अनुमति प्राप्त संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न गराउन आवश्यक कारबाही गर्नेछ ।

१९. **परिषद्ले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेः** (१) परिषद्ले अनुमति प्राप्त संस्थालाई प्राविधिक तथा व्यावसायिक विषयमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालना नगर्ने संस्था वा परिषद्ले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने अनुमति प्राप्त संस्थाको नाम परिषद्ले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद्ले आफ्नो लगतबाट कुनै संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित अनुमति प्राप्त संस्थालाई दिनु पर्नेछ ।

२०. **प्रमाणपत्रको मान्यताः** (१) परिषद्बाट सञ्चालित र स्वीकृत संस्थाबाट तोकिएको पाठ्यक्रममा आधारित भई सञ्चालन गरिएको तालिमका कुनै शैक्षिक उपाधिको प्रमाणपत्रलाई परिषद्ले मान्यता दिनेछ ।

(२) कक्षा दश (माध्यमिक शिक्षा परीक्षा) उत्तीर्ण गरी परिषद्बाट सम्बन्धन प्राप्त शैक्षिक संस्थामा कम्तीमा तीन वर्ष अध्ययन र तालिम प्राप्त गरी तोकिएको परीक्षा उत्तीर्ण प्रशिक्षार्थीलाई परिषद्द्वारा प्रदान गरिएको प्रमाणपत्र अन्य शैक्षिक संस्थाको कक्षा बाह्र (माध्यमिक शिक्षा) उत्तीर्ण गरे सरह हुनेछ ।

## परिच्छेद-४
## परिषद्को कोष

२१. **परिषद्को कोषः** (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) नेपाल सरकारको अनुमतिमा कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय विकास साझेदार वा विदेशी संघ संस्थाबाट प्राप्त रकम,

(ग) परिषद्को चल, अचल सम्पतीबाट आर्जन हुने रकम,

(घ) कोषमा प्राप्त अन्य कुनै रकम,

(ङ) प्रदेश सरकारको सहमतीमा लिएको ऋण ।

(२) परिषद्को सबै रकम परिषद्को नाममा “क” वर्गको वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

(३) परिषद्को तर्फबाट गर्नु पर्ने सम्पूर्ण खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) परिषद्को खाता सञ्चालन र खर्च गर्ने विधि र प्रक्रिया सरकारी लेखा प्रणाली बमोजिम हुनेछ ।

२२. **परिषद्को लेखा र लेखापरीक्षण:** (१) परिषद्को लेखा नेपाल सरकारको स्वीकृत ढाँचा बमोजिम हुनेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयले गर्नेछ ।

(३) परिषद्को अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) मन्त्रालयले परिषद्को हिसाब किताब सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## विविध

२३. **कारबाही र सजाय:** परिषद्को कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनीयत साथ परिषद्लाई हानी नोक्सानी पुऱ्याएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

२४. **अधिकार प्रत्यायोजन:** परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आवश्यकता अनुसार परिषद्को समिति, उपसमिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. **प्रदेश सरकारसँग सम्पर्क:** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत राख्नेछ ।

२६. <u>**नियम बनाउने अधिकार**</u>: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

प्रमाणीकरण मितिः२०७९।०५।०६

आज्ञाले,
उत्तम प्रसाद खरेल
निमित्त प्रदेश सचिव
कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय